# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)


पत्र संख्या :
चलानी नं. :

## प्रेश विज्ञप्ति

लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय गर्न सहयोग पुगोस भन्ने उद्देश्यले नेप्सेले विभिन्न गतिविधि सञ्चालन गर्दै आएको सर्वविदितै छ । यसै सिलसिलामा नेप्सेले विभिन्न किसिमका परिसूचक निर्माण गरी प्रकाशन गर्दै आएको छ । नेप्सेले निर्माण गरेका विभिन्न परिसूचकमध्ये सेन्सेटिभ इन्डेक्स एक हो । चुक्ता पुँजी कम्तिमा दुई करोड रुपैयाँ भएको, साधारण सेयरधनीहरुको संख्या कम्तिमा एक हजार भएको, कम्तिमा तीन वर्ष देखि लगातार नाफामा रहेको, सेयरको किताबी मूल्य चुक्ता मूल्य भन्दा कम नभएको र आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र उक्त आर्थिक वर्षको कारोबार तथा आय-व्यय विवरण पेश गरेका कम्पनीलाई सेन्सेटिभ समूहमा राखी सेन्सेटिभ इन्डेक्स गणना गरिदै आएको छ । धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम ११ बमोजिम वर्गीकरण गर्दा 'ग्रुप ए' मा परेका कम्पनी र सेन्सेटिभ इन्डेक्सबीच कुनै सम्बन्ध नरहेको पनि सबैको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ ।

मिति : २०७५/०६/२९

मुराहरि पराजुली
प्रवक्ता


पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**